नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चामे, मनाङ

फ्याक्स नं. ०६६-४४०१३९
फोन नं. ०६६-४४०१३३
email: manangcdo2017@gmail.com

पत्र संख्या : ०७७/७८
चलानी नं.:

मिति :२०७७।०४।१२

# मास्कको अनिवार्य प्रयोग गर्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय,मनाङको अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को रोकथामका लागि नेपाल सरकारद्धारा सुरक्षा मापदण्ड पालना गर्ने गरी केही सेवा र कार्यहरु सन्चालन गर्न खुल्ला एवं सहजीकरण गरिएकोमा सावधानी नअपनाइए यसको जोखिम झन वढ्ने अवस्था देखिन्छ । उक्त रोगको रोकथाम तथा नियन्त्रणका लागि सरकारद्धारा तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने गराउने सम्बन्धमा विभिन्न समयमा सार्वजनिक सुचना जारी भएको व्यहोरा सर्वविदितै छ ।नेपाल सरकारको जारी आदेशको वर्खिलाप हुने गरी न्यूनतम सूरक्षाका मापदण्ड पालना नगर्ने, मास्क नलगाई घर बाहिर निस्कने, भिडभाड गर्ने, न्यूनतम २ मिटरको सामाजिक दुरी कायम नगर्ने प्रवृति बढिरहेको परिप्रेक्षमा स्वास्थ्य र सुरक्षा मापदण्ड कडाईपूर्वक पालना गर्न र मास्कको प्रयोग अनिवार्य गर्नको लागि यो सूचना जारी गरिएको छ । सूचनाको अवज्ञा गरी स्वास्थ्य मापदण्डको उल्लघंन गर्ने साथै मास्क नलगाई घर बाहिर निस्कने जो कोहीलाई तत्काल नियन्त्रणमा लिई संक्रामक रोग ऐन, २०२० बमोजिम कडा कारबाही गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

(शारदा चालिसे)
सहायक प्रमुख जिल्ला अधिकारी

शारदा चालिसे
सहायक प्रमुख जिल्ला अधिकारी